# मुक्तिका मुटु

## काव्य



ऋषिराम न्यौपाने

# मुक्तिका मुटु

काव्य

ऋषिराम न्यौपाने

रचना : मुक्तिका मुटु (काव्य)
रचनाकार : ऋषिराम न्यौपाने
प्रकाशक : एकता प्रकाशन (प्रा.) लि.

प्रकाशन संख्या : एक हजार
प्रकाशन मिति : २०५०, कार्तिक

सर्वाधिकार : लेखकमा

मुद्रणालय : सुनकोशी छापाखाना
: कालीमाटी, काठमाडौं ।
: फोन: २–७०५८७

मूल्य : रू. ५।-

# पहिले यता

यस काव्यको पाण्डुलिपि तयार गरिदिने गा. वि. स. बरहथवा टाँडी ९ सर्लाही निवासी श्री पवन पौडेल-लाई संझना गर्दै, चापागाऊँ ६ निवासी श्री सोम शर्माले छपाउने चाँजो मिलाउने तदारूकता देखाउनु भएकोमा धन्यवाद दिँदै, यस काव्यलाई छपाउने अभिभारा उठाउनु भएकोमा ललितपुर जिल्ला कमिटी (एमाले) का सचिव श्री सुरेन्द्रमोहन शर्मा र एकता प्रकाशन (प्रा.) लि. का उत्तम महतज्यू प्रति आभार व्यक्त गर्दछु।

यस खण्डकाव्यका सम्बन्धमा आफ्नो अमूल्य समय प्रदान गरी भूमिका लेखिदिनु भएकोमा श्रद्धेय साहित्य-कार श्री मोदनाथ प्रश्रितज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**ऋषिराम न्यौपाने**
चापागाऊँ ८, ल. पु.
२०५०।४।३२

# काव्य-कलेवरमा मदन–आश्रित

नेपाली आकाशले यसपाली अनेकौं जाज्वल्य नक्षत्रहरू गुमाएर ठूलो रिक्तता र अन्धकार बेहोर्नु पर्‍यो। मदन, आश्रित, पारिजात, पासाङ्ग, द्रोणाचार्य, विनोद जस्ता आ–आफ्ना क्षेत्रका चम्किला कर्मताराहरू एक एक गरेर गुमाउँदै जाँदा सिंगो देशले मुटु झिराझिरा पारेर अकथनीय पीडा भोग्नुपर्‍यो। दासढुङ्गाको जलप्रलय र सगरमाथाको हिमप्रलय जस्ता राष्ट्रिय पीडाका गहिरा घाउहरूमा खाटा नबस्दै साउन ४ र ५ को देशव्यापी पहिरो र बाढीको अर्को चरम विध्वंशको महा–प्रलय! हजारौं मानिसको मृत्यु! हजारौंलाई टुहुरो, विधवा, विधुर तथा सन्तति र आश्रयविहीन हुनुको अकथनीय पीडा! दर्जनौं गाउँ र हजारौं पशुहरूको महाविनाश! थुप्रो बाटा र पुलहरू, विद्युत केन्द्र, रोपलाइन, यातायात आदि स्वाहा। त्यसैमाथि थरीथरीका रोग र मृत्युको अर्को ताण्डव। आपत् र वियोगका पहाडहरू पनि कति एकैचोटि खनिएको हामी नेपालीमाथि!

तर साना–ठूला जस्ता भए पनि आपतका चट्टानी पहाडहरू बह र पीरका जतिसुकै डढेला सल्काए पनि भष्म खरानी हुँदैनन् । शोक र बहका उर्लंदा सागरहरू जतिसुकै रोदन, क्रन्दन र गुहारले पनि तर्केर किनारालाग्दैनन्। मन, मुटु र भावनामा सल्किरहेका वियोग-पीडाका दन्दनाउँदा ज्वालाहरू आँशुका जतिसुकै सागर उराले पनि निभ्दैनन् । मानव जातिले जस्तासुकै आपत्–विपत्का पहाड, सागर र उकालोहरू पनि धैर्य, संयम, साहस, आँट, सङ्कल्प, योजना र क्रियान्वयनबाट मात्रै पार गर्न सक्छ ।

नेपाली जनतालाई यही धैर्य, संयम, साहस आदिको सन्देश र प्रेरणा बोकेर आएको छ– कवि ऋषिराम न्यौपानेको "मुक्तिका मुटु" काव्य । यसको केन्द्रीय सार यस्तो छ–

"सुवास मीठो शोसिन्न शोषी कुसुम झर्दैमा
विचार चारू चूंडिन्न चर्र मनुष्य मर्दैमा ।..."
रगत तातो नपारेदेखि मानिस चिसिन्छन् ।...
तताई रक्त सल्कँदै डुल्दा सलह झिसिन्छन् ।...
रातको शक्ति निचोर्छन् सूर्य–फिजारी किरण
एउटा निभ्दा हजार बल्छ– मानव किरण ।"

जब २०५० को जेठ ३ मा दासढुङ्गाको भुमरीमा हाम्रा महान् दुई नक्षत्र डुबे– सिंगो देश शोकसागरमा डुब्यो । लाखौं जनताको मनमा पहिरो गयो । यस्तो रहस्यमय घटना कसरी घट्यो भनेर देशका मथिगलहरू

रन्थनिएर कारण खोज्नथाले । सरकारी जाँच आयोग फगत् ढोंग र नाटकमा फेरिएपछि रहस्यका आशङ्काहरू सरकारतिर फर्कनथाले । "सही जाँच आयोग गठन गरेर तथ्य पत्ता लगाऊ" भनेर जनताले माग गर्दा न्यायको सट्टा गोली बर्से र फेरि दर्जनौं न्यायप्रेमी निर्दोष जनताले ज्यान गुमाउनुपर्‍यो । जाँच र न्याय माग्नेमाथि सरकार-बाट गोली र हत्या किन बर्स्यो ? तथ्य पत्ता लगाउनेतिर भन्दा अपराधी जोगाउनेतिर सरकार किन लाग्यो? यसले सरकारी चरित्र झन् सन्देहास्पद भयो र देशव्यापी जन-आक्रोश र आन्दोलनको विशाल आँधीतूफान उठ्यो । तर सरकारले जनताको हत्या, दमन र राज्य आतङ्क-बाहेक अर्को भाषा बोलेन ।

यही चरम पीडादायी दासढुङ्गाकाण्डले कवि ऋषि-राम ग्यौपानेलाई पनि मर्माहित तुल्यायो र त्यही बह, आँशु, आक्रोश र भविष्यको सङ्कल्पको बीचबाट यस काव्यले जन्म लियो ।

भावनाको मूल फुटाइ र कविताको प्रवाह कस्तो बेजोड हुन्छ ! दमको रोगले थलिएर सुतेका कविलाई दासढुङ्गा घटनाले रन्थनाएर जुरुक्क उठायो । पहिले वहाँ पनि लाखौं मानिस जस्तै आँशुमा पग्लेर गल्नुभयो र पछि क्रमश: सँभालिदै मुटुमा धैर्य, मगजमा विवेक र कलममा ओज भर्दै उठ्नुभयो । अनि ती अमर वीर जन-नायकहरूको सङ्घर्षमय सुन्दर जीवनगाथालाई महाकवि देवकोटाले रुचाएको लोकप्रिय नेपाली लयमा काव्यमय

मूर्त रूप दिएर जनताको शोक र आँशु पुछी ओज र ऊर्जा भर्ने मूल्यवान् उपहार प्रस्तुत गर्ने जमर्को गर्नुभयो ।

काव्य पढ्दै जाँदा प्रष्टै अनुभव हुन्छ– यसमा कविले कलम चलाउन कुनै मानसिक कसरत-क्रीडा गर्नैपरेन । वहाँ कवितामा त्यसरी नै सहजै फुट्नुभएको छ, जसरी साउने झरीपछि पानीका मूलहरू आफैँआफ फुट्छन् ।

"आकाश किन धमिलो भयो, धमिलो धरा यो ?
भनेर हो कि किरण माली मानव हरायो !
मलिनो सूर्य भएको चिन मलिनो चन्द्रमा ?
प्रतिरूप आफ्ना देखेर हो कि डुबेको भेलमा ?"

यस्तो

यस्तो गहन भावना र अनुभूतिबाट शुरू हुन्छ, काव्य । अनि कविले नेपाल आमाका ती दुई वीर सपूतको जीवनीका विभिन्न पक्षहरूलाई, वहाँहरूको चिन्तन, विचार र कामहरूलाई कविताको कलेवरमा रूपान्तरित गर्नुभएको छ । वहाँहरूको वियोगले देशको जनवादी राजनीतिलाई भएको अपूरणीय क्षति, लाखौं जनतामा परेको असह्य गहिरो चोट, आमा, बुबा, पत्नी, छोराछोरी र नाता कुटुम्बहरूमा परेको वज्रपात आदिको सजीव चित्रणमा वहाँको लेखनी अत्यन्त संवेदनशील भएर अघि बढेको छ । मदन र आश्रितका ध्येय, लक्ष्य, सपना, कल्पना, काम, त्याग, तपस्या र बलिदानका भावना, विचार र व्यवहारलाई सजीव, कलामय काव्यचित्रमा व्यक्तत्याउन वहाँको कलमले आफ्नो क्षमतालाई सकेसम्म कुशलतासाथ प्रयोग गरेको छ ।

"जीउन निम्ति विदेश जान नपरोस् कसैले,
विदेशी आई नपाउन् टेक्न शिरमा बलैले
देशमै मिल्नपर्दछ काम योग्यतानुसार
नमरून् सोझा जनता भोकै देशका जुहार ।...
कसैले आशा गरेर कुनै अल्झिनु नपर्ने ।
झुल्किनु पर्दछ झरिलो दिन सुकेर नझर्ने ।...
बिग्रन्छ धर्ती विभेदवादी विचार राँकिए
सप्रन्छ धर्ती समतावादी विचार हाँकिए ।"

यसरी व्यक्त भरको छ ती कर्मनिष्ठ नेताहरूको कामना र ध्येय ।

वहाँहरूको जीवन संगिनी विद्या र माया तथा नेताहरूबारे यस्तो छ, कविको उद्‌गार–

'जनता भन्छन्, धैर्यको मूर्ति सिर्जनशालिनी
सकस बाचा अटल राखुन मदन मालिनी ।
विद्यामा शक्ति मायाले थपुन् मायामा विद्याले
दुःखका बेला समालुन् पार्टी मिलेर नेताले
सल्कन सकोस् चिन्तन चारु सुचारु विचार
सकियोस् मार्न सामन्तमाथि चोटिलो प्रहार ।"

यसरी समकालीन क्रान्तिकारी राजनीतिका निर्भीक योद्धाहरू र सिंगो राष्ट्र र छरछिमेकलाई समेत प्रभावित पार्ने बीर शहीदहरूको सम्झना र सम्मानमा, वहाहरूको महान् जीवनबाट जनतालाई प्रेरित गर्ने अनेक जनकार्य मध्येको एउटा उत्कृष्ट कविकर्मको रूपमा आएको यस

काव्यले आफ्नो उद्देश्यमा अवश्य नै महनीय सफलता पाउने कुरामा म पूर्ण विश्वस्त छु ।

अन्तमा काव्यकै अन्तिम केही पंक्तिहरू टिपेर अहिले कलम बिसाउँछु–

"गाउंदै जान्छौं जुगानुजुग गौरब गाथा यो
सेवामा हामी पर्दैनौ पछि नेपाल माताको
गहिरो छाप छोडेर जाने दरिला नेता हे !
शत्रुको मन समेत जित्ने कुसल नेता हे ! ...
शोकका आँशु समेटी हामी शक्तिमा बदल्छौं
धर्तीका वैरी धमिरालाई खोजेर पोल्दछौं
यो देश टेक्न विदेशी आए डटेर कुल्चन्छौं
सत्य र न्याय छोडेर केही कुमन्त्र लिंदैनौं ।

- मोदनाथ प्रश्रित

२४।४।०५०

## मदन कुमार भण्डारी

जन्म – वि. सं. २००६ असार १४

जन्मस्थान – ढुंगेसाँघु, ताप्लेजुङ

पिता – देवी प्रसाद भण्डारी

माता – चन्द्रकला भण्डारी

वि. सं. – २०२४ देखि इटहरा (मोरङ्ग) बसोवास

शिक्षा – साहित्याचार्य, एम. ए. (नेपाली)

### अध्ययन क्रममा

वि. सं. – २०२४ मथूरा

वि. सं. – २०२६ देहरादून

वि. सं. – २०२८ बनारस

### राजनीतिमा प्रवेश

वि. सं. २०२२ देखि (झुकाव)

वि. सं. २०२९ मा सांस्कृतिक मोर्चा के. स.

वि. सं. २०३० मा ने.क.पा. पूर्णकालीन सं

वि. सं. २०३४ मा नेकपाको कोअर्डिनेशन केन्द्रको गठनमा संलग्न (मा. ले. पूर्व रूप)

विवाह– वि. सं. २०३८, भूमिगत अवस्थामा

पत्नी – विद्या भण्डारी (पाण्डे)

छोरी – उषाकिरण, निशाकुशुम

वि.सं.– २०४१ मा नेकपा माले पोलिटब्यूरो स.

वि.सं.– २०४६ मा महासचिव

वि.सं – २०४७ कार्तिक २३ देखि एमाले महासचिव

वि.सं.– २०४८ मा काठमाडौं क्षे. नं. १ तथा ५ बाट निर्वाचित सांसद

वि.सं.– २०४९ माघमा पुनः महासचिव

निधन– २०५० जेष्ठ ३ गते जिप दुर्घटनामा त्रिशुली नदीमा परी।

भूमिगत नाम– जीवन, भीष्म, मकुप पखेली, बर्बरिक (B.B.R.), सागर, संग्रामसिंह, श्वेतशार्दुल (एस.एस.), राजमोति (लेख रचनामा)

## संयोग

जन्म– ढुंगेसाँघु

डेरा– चारढुंगे, नवलपरासी

निधन– दासढुंगा, चितवन

## जीवराज आश्रित

जन्म– वि. सं. २००१ साउन १८ गते

स्थान– गुल्मी, चन्द्रकोट (रिट्टा रूख)

पिता– प्रेमराज शर्मा

माता–

बसाई सराई–रूपन्देही

वि.सं. २०२१ मा ने.क.पा. सदस्यता ग्रहण (राजनीतिमा पहिलादेखि नै झुकाव, विद्यार्थी नेताका रूपमा) वि. सं. २०२४ मा रेलीमाई सांस्कृतिक मण्डल स्थापनामा योगदान ।

वि. सं. २०२४–२०२५ मा हिमाली नेपाली संस्थाका सदस्य ।

वि.सं २०२६–२०२९ जेल निवास

वि. सं. २०३३ मा मुक्ति मोर्चाको सदस्य (पुष्पलाल समूह बाट पृथक भई)

वि.सं. २०३४ मा माले सदस्य

वि.सं. २०३५ मा माले के. स. र पो. ब्यू. स.

वि. सं. २०४७ मा (एमाले) पोलिट ब्यूरो सदस्य

वि. सं. २०४९ मा (एमाले) स्थाई समिति सदस्य तथा संङ्गठन विभाग प्रमुख

वि. सं. २०३३ मा विवाह
केही अवधि शिक्षण पेशामा संलग्न
पत्नीको नाम: मायाँ न्यौपाने (ज्ञवाली)
सन्तान- छोरा सागर न्यौपाने, छोरी उषा न्यौपाने
भूमिगत नाम– बिन्दु नेपाल (कविता, गीत, लेखमा)
विदूर, कुशल
निधन- २०५० जेठ ३ गते दासढुंगा जिप दुर्घटनामा त्रिशुली नदीमा परी ।

# समर्पण

साहित्यलाई भनिन्छ
यौटा समाज दर्पण
जसका लागि रचियो गीत
उसैमा अर्पण

ऋषिराम न्यौपाने

## रूनु अघि

दमले डसी ढलेको थिएँ अँधेरी कोठामा
मलाई जस्तो नलागोस् रोग कल्पेर लोकमा
टि. भी. ले भन्दा पानीमा परे आश्रित, मदन
रोगमा शोक थपियो चर्को चर्कियो यो मन
चरर पोल्यो हृदयभित्र परे झैं जहर
घोप्टेर मुख छोपेर रून लागेंछु बरर
के गर्नें टारी नटर्ने तीतो घटना यो भयो
आँसुको थोपा बटुली हेर्दा तयार यो भयो
यो छापिदिने मानिस भेटे यै भेटी दिनेछु
दिलैले गाई दिएको पाए आभारी हुनेछु
क्रान्तिका ज्वाला, न्यायका योद्धा देशका जुहार
मुक्तिका मुटु अमर रहुन् धर्तीका आधार !

(१)

आकाश किन धमिलो भयो, धमिलो धरा यो ?
भनेर हो कि किरण माली मानव हरायो ?
मलिनो सूर्य भएको किन मलिनो चन्द्रमा ?
प्रतिरूप आफ्नो देखेर हो कि डुबेको भेलमा !
खहरे जस्तै किन छ हुँदै त्रिशूली उदास ?
लागेर हो कि पछुतो 'किन निलिछु गुराँस'
सुखको कुरो रोकियो पर्दै पीरले छुँदैछ
दुःखको कुरो परेर आयो जगतै रूँदैछ
के गाऊँ गीत गीतमा हुन्छ विरह फोएझैं
नगाऊँ गीत पीरले छुन्छ झिरले छोएझैं
झरिलो फूल भरिलो हुनै नपाई झरेछ
घुसेझैं साँझ दिउँसै आज अँध्यारो परेछ
झम्किंदा साँझ विरह बोल्छ मनको मुनाल
पग्लेर मुटु ढलेझैं लाग्छ धवल हिमाल
मोतीका दाना टल्कन्न आज आँसु छ टल्कँदै
विरह जल छुटेर तर अनल सल्कँदै
चुहाई आँसु मुटुले फुक्छ विरह बाँसुरी
छलका माझ छलिए झैं छ मुस्कान माधुरी

कसरी हाँसू चुहाई आँसु रूँदैछ समाज
"उज्ज्वल सूर्य हरायो कहाँ जीवन्त आवाज"
खुलेको थियो छोडेर स्वार्थ, परार्थ हितमा
खुल्दछ अब अमर भई जनका गीतमा
जसका पछि जाँदैछ आज समाज सलामी
युगका ज्ञाता सगर्व गर्छन् झुकेर सलामी
पीडितलाई लगाइदिन्छ आँसुको मलम
चुहिँदा आँसु सल्कन्छ आगो चल्दछ कलम
मदन ! तिम्रो बदन जस्तै बचन झल्कन्छ
नश्वर देह सकिए पनि विचार सल्कन्छ
गुराँस तुल्य त्यो लाल पुष्प चुँडेर चुँडिन्न
खुर्पाको जस्तो सङ्घर्ष-धार-आधार कुँडिन्न
गुलाब तुल्य सुवास छर्ने जीवन सगिलन्छ
मुक्तिको मीठो महान मत किरण अगिलन्छ
जनका निम्ति डटेर दियौ प्राणको आहुति
देशका लागि जो हाँसी मर्छ बाँदछ बिभूति
मुटुका हाम्रा धड्कन तिमी राष्ट्रका गौरब
भुल्दैन तिम्रो जीवनगाथा विश्वकै मानव
लाग्दछ मेला यादमा तिम्रो प्रत्येक पलामा
सर्वत्र तिमी प्रकट हुन्छौ कुची र कलामा
कलाले लात बजार्दा पर्छ कुकर्मी थलामा
मृत्युले फन्दा सक्दैन हाल्न बीरका गलामा

जो जन्मेपछि मर्दैन कैल्यै सुन्दर दर्शन
धरतीतिर फिंजिन्छ मीठो सुबास कन्चन

(२)

धर्तीमा ढली रूँदै छन् माता हृदय दुखाई
"आँखाको नानी झिकेर लग्यो कसले लुकाई ?"
काग झैं किन रेडियो पनि कुभलो बोल्दछ
'मदन छैनन्' जीवित अहो ! जगतै डोल्दछ
जे कुरो सुन्न नपरोस् गुन्थें त्यै सुन्न पर्‍यो नि !
रगत सुक्यो, कलेजो, मुटु टुक्रिंदै झर्‍यो नि !
अचम्म थियो उसको बानी के भनूँ के भनूँ
हँसिलो मुख रसिलो बोली कसरी नभनूँ !!
सुकिलो जन्म फुर्तिलो जिउ गन्तव्य अगम्य
दरिलो टेकी जन्मदै हिड्ने साहस अदम्य
जो सानैदेखि दयालु थियो दुर्भाव नलिने
खराब काम–कुरामा ध्यान पटक्कै नदिने
"चाहियो मीठो नाना र खाना" भनेर पिरेन
चाचा र पापा खेलौना मागी नखडा झिकेन
उसैमा किन पापीले आँखा लगाइदियो नि !
हरीले मेरो उज्यालो दियो निभाइदियो नि !"
विरह पर्दा मानव रून्छ करूणा उर्लिन्छ
ममता मायाँ आँसुको सिन्धु भएर कुर्लिन्छ

"घरमा हुँदा मद्दत दिन्थ्यो परेका काममा
ओझलतिर होइन बस्न चाहन्थ्यो घाममा
भनेको मान्थ्यो दिएको खान्थ्यो हाँसेर हेर्दथ्यो
लगाई आँखा जमीनतिर पाइला सार्दथ्यो
जवानी छँदै कालले हात हालेछ किन नि !
म बूढीलाई पुत्रको शोक खन्याइदिन नि !!
कसरी खपौँ कठोर पीडा बल्दछ दन्दनी
कालले फेरो मारे नि हुन्थ्यो मैमाथि फन्फनी"
परेला चिसो चिसै छ चूलो खै आगो बल्दैन
मदनबिना धड्कन अब चल्छ कि चल्दैन ?
रहस्य केही मोटर पल्ट्यो चालक बच्योनि !
मदन छैनन् आश्रित हरे ! किचिई मरे नि !
के गरी सुते हिउँझैं चिसो त्रिशुली नदीमा
विरह–जल जमाइदिन्छ रगत नलीमा
पेटमा छैन पानीको थोपो कसियो गाँठोझन्
'डुबाइ गाडी हत्या नै गरे' सकल भन्दछन्
मानिस भए पानीको माछा भुङ्ग्रामा परेझैं
उढेलो लागि अग्राखहरू पाखामा ढलेझैं
असह्य पीडा छातीमा भयो भूकम्प आएझैं
धरती कामी त्यो ज्वालामुखी देखियो फुटेझैं
नमिल्ने भए धरतीपुत्र सन्तोष दिने को ?
त्यो ज्वालामुखी सहेर बस्छ पत्थर मुटु यो

शोकले पाकी कलेजो मुटु फतक्क गल्दैछ
"खोलामा को हो ?" विरही बोली कोइली बोल्दैछ
"अनन्त तारा मिलेर बन्यो सूर्यको कहानी
सिरेटो चल्यो ठिहींमा डुब्यो मिर्मिरे बिहानी
हाँस्न र बाँचन दिएन बाँचन कालको कलाले नाँचन
ब्यूँताइरहोस् अनन्तसम्म मान्छेको गलाले"

(३)

वीभत्स दृश्य गुन्दैमा दुखी हृदय चिरिन्छ
नमीठो कुरो कानमा पर्दा मानिस पिरिन्छ
"सिरिङ्ग भयो सर्वाङ्ग गला रोकियो के भयो !!
खबर झूठो बताए हुन्थ्यो घटना जे भयो
मनका साथ गल्दैछ तन आगाले पोलेझैं
'मदन गयो' गुन्दैमा भयो कालले गालेझैं
नेत्रको ज्योति हरायो मेरो कसरी हेरूँ म !
हरिलो आश सकियो सास कसरी फेरूँ म !!
दुःखको कुरो बिर्सिउँभन्दा सम्झिन्छ मनले
निभेको दियो सल्किएहुन्थ्यो कल्पिन्छ जनले
बालक छँदै विहानै उठ्थ्यो पूर्वैनै नखुल्दै
भनेको कुरो पालन गर्थ्यो अक्षर नभुल्दै
कन्ठस्थ हुन्थ्यो सम्पूर्ण पाठ सुनेकै भरमा
स्वार्थमा परी गरेन केही कलह घरमा

अरुको मुख खुल्दैमा गर्थ्यो सकल आशय
पखाली दिन्थ्यो दिएर तर्क दिलका संशय
सकल भन्थे "जेहेनदार सोझो छ बालक
घरको मात्रै होइन, होला जात्तै पालक"
गरेन चोरी मारेन डाँका, ढाँटेर खाएन
उसैले तर किरण छरी जिउन पाएन
गाउँका ठालु हरुले भन्थे हामी पो ठूला हौं"
उ भन्थ्यो "बुझ्यौ निर्णय दिने जनता हामी हौं"
दुखका बेला लाग्दछ भुलौं सम्पूर्ण भूसुक्क
झुलिकन्छ तर बचन – मूर्ति मुटुमा झुलुक्क
"छ स्वाभिमान मनका भित्र नगर घमण्ड
बिबेकशील विचार हुन्छ अखण्ड प्रचण्ड
चेतनशील मानिस कहल्यै छोड्दैन विवेक
देशका दीन दुखीको बन्छ आजन्म सेवक
भन्दथे – "बाबु ! नभन त्यसो शासक बनिन्छन्
पाउँदा मौका राखेर इख भुजङ्ग ठडिन्छन्
खोल्दथे मन 'अन्याय बाबा ! सहन हुँदैन
सहेर बसे न्यायको ढोका कहिल्यै खुल्दैन
काँतरलाई जङ्गली जन्तु चिथर्न थाल्दछन्
दानवहरु मानवलाई धराप हाल्दछन्"
मुटुको दरो बोलीको खरो दिलको उदार
जहाँ उ देख्थ्यो गर्न नै पर्थ्यो उ गर्थ्यो सुधार

हेपाहालाई हुँकार गर्थ्यो नहटी डटेर
सुपात्रलाई मन्त्रणा गर्थ्यो दिनहुँ खुलेर
विदेश गयो पढेर आयो फर्केर देशमा
आनन्द छायो झुलिक्यो छवि दिलका लेकमा
बाबुको मन बताए "बाबु! खाउन जागीर
जिउन निम्ति कमाई गर्न पर्दछ आखिर"
गमेर भन्यो परन्तु "बाबा! जागीर खान्न म
डुल्दैछु हाँसी नबनी आफू देशकै बन्न म
सङ्घर्षमय संसारसामु सङ्घर्ष रोज्दछु
संसारभरी मुक्तिको बेर्ना उमार्न खोज्दछु
सुनाएँ फेरि "पार्टीमा लाग्दा खोरमा पार्दछन्
खोरमा पारी बजारी लात लतारी मार्दछन्
रातमा डुल्दा सक्तछन् पार्न जालमा भाकुरी
घरमै बस नलाग अन्त घोटौंला पाखुरी।
"ए मेरा बुवा! असल कुरा मान्दैछु आएको
मान्नेछु पनि बचनहरू मनले खाएको
एउटै तर नसक्ने भएँ बदल्न निर्णय
मुक्तिको निम्ति उचाल्छु दरो पाइलो निर्भय
मलाई मारे म मरिदिन्छु नेपालखातिर
बाधिन्न घर–सङ्घारभित्र घुम्दछु बाहिर"
"मलाई जँच्यो उसको कुरो विचार रोकिन"
मुटुमा गाँठा पारेर अरू लाग्दछन् घोरिन

किरण छर्न गएको घुम्न घुमेर आएन
उचाली साँघु जनता तारी त्यो तर्न पाएन
उज्यालो दिन न हेर्न पायो नभेट्न मलाई
त्यो जस्तो छोरो म पाउँ कहाँ रगत बगाई
नमर्ने भयो मरेर तर भावना फिँजारी
पार्टीले तानी आइयो रून्चे पाइलो घिसारी
उसको आशा विपुल पुल हुनेछ तयार
म पनि सक्तो थप्नेछु बल गरेर विचार

(४)

विचार – मूल मनमा हुन्छ जलको धर्तीमा
बढ्दैछ बाक्लो विलाप अझै मानव बस्तीमा
मदन – सखी मूर्छित हुन्छिन् बढेर विराग
मनले भन्छ "म कहाँ पाउँ प्रेमको पराग"
सर्बांगै हुन्छ कर्कलो तुल्य विरह बलेर
पिटेर छाती कपाल फुन्छिन् छाया झैं ढलेर
बान्धव झार्छन् बरर आंसु कल्पेर बदन
"पहिले जस्तो सम्मुख अब पर्दैनन् मदन
हाँसेर बोल्थे "देखिए विच्छी कुल्चनुपर्दछ
झोसेमा राँको बाक्लो कालो पातझैं झर्दछ
गरीबलाई निमोठ्ने प्रथा मनले मान्दैन
नउठे हामी पिराहा पाघी पहाड ढल्दैन

सामन्त सत्ता पलाएदेखि मिल्दैन समता
असमपना बढार्न उद्छन् सकल जनता
खुलाई आँखा जनतालाई उचाल्न पर्दछ
चेतना द्वारा सचेत मन सङ्घर्ष गर्दछ
जुन्किरी पनि चिरेर रात किरण छर्दछन्
रजनीसित जुधेर तारा उज्यालो पार्दछन्
अगाडि बढी बढार्नुपर्छ पुराना विकृति
फिँजारी चारै कुनामा रची नवीन संस्कृति
धरणीलाई सिगार्न खोज्ने साहस गर्दछ
चुसाहा कालो काँतर जुको छुँदैमा मर्दछ
बढार्न कालो बादल – दल झुल्कियौ लोकमा
राखेर इच्छा मुस्कान भर्न दुःखीका ओठमा
मदन थियौ देशका तिमी परम लेवक सेवक
गुलाफ तुल्य मिठास दिने मुक्तिका वाहक
कर्मले स्वच्छ प्रकाश छर्थ्यौ चम्किलो रवि झैं
कृतिले तिमी प्रभाव पार्थ्यौ गतिलो कवि झैं
हाँकेर तिमी खेँचदै थियौ युगको लगाम
नहुँदा तिमी दायित्व आए काँधमा तमाम
'जो मर्नदेखि सिर्जनातिर रमाई धाउँछ
ऊ मरे पनि अमर बनी सम्मान पाउँछ
पाइयो सत्य विचार तिम्रा घाम झैं यथार्थ
सार्थक भयो जीवन तिम्रो लगाई परार्थ

भण्डार थियौ भावका रास्रा देशका गहना
गुनेर गर्ने देशको भलो जपना तपना
मुटुमा मिठो बचन उठी मुखमा आउँछन्
"बेरोज गार जागिर खान विदेश धाउँछन्
जिउँन निम्ति विदेश जान नपरोस् कसैले
विदेशी आई नपाउँन् टेक्न शिरमा बलैले
देशमै मिल्न पर्दछ काम योग्यतानुसार
नमरून् सोझा जनमा भोकै राष्ट्रका जुहार"
चेतना दियौ जनता अब अचेत हुँदैनन्
विरह गाथा गाएर मात्रै धर्धरी रूदैनन्

(५)

शोकको सिन्धु मुटुमा हुन्छ जलको जगमा
विचार चल्छ बजार्न लात पर्दछ ठगमा
सम्झौता द्वारा संघर्ष रवि बीचमा रोकियो
त्यसको फल कहर कष्ट आपद बैरियो
डुल्दैछ पापी फुलाई छाती रगत चुसेर
त्रिशुल रोपी घुर्दछन् शुम्भ, निशुम्भ उठेर
के गर्नु अब तर्कना द्वारा चल्दछ रन्थी
चल्दैछ चिन्ता जगतैभरि चिन्ताकै सन्सनी
सन्सनी पनि नचलोस् किन षड्यन्त्र रचियो
मानिसलाई जालमा पारी डुबाई मारियो

चालकलाई संकेत दिने बालुवा थुप्राछन्
हत्यारालाई आँखाले देख्ने बुकुरा झुप्राछन्
आँसुका धारा संकेत गर्छन्- "मोटर पल्टाए
षड्यंत्र कारी दौडेर आई चालक भगाए"
लुकेर लाग्छन् ती हतिहारा खराब काममा
विराम गर्न सक्तैनन् डुल्न उज्यालो घाममा
मदन तिमी नभए पनि विचार छदैछ
धर्तिको निम्ति रगत दिने जगत दरैछ
मनुष्य चोला अवश्य मर्छ ढिलो र चाँडो हो
संगाल्नु राम्रो विचारलाई कर्तव्य हाम्रो हो
एउटा तारा झर्दैमा सारा साहस झर्दैनन्
विचार धारा मुक्तिका मुटु मानव मर्दैनन्
जिउंदो जाग्दो विचारबाट अनल सल्कन्छ
निभाई छवि निभ्दैन नवजीवन कल्पन्छ
कल्पने नयाँ जीवन मान्छे सर्वदा रूँदैनन्
नपरी रात प्रभात खोज्ने मानव हुँदैनन्
पहिले पनि कृष्ण र नेत्र बान्तवा लुटिए
राम र ऋषि अनेक लाली गुराँस चुँडिए
झरेर पनि उनले बास्ना हरर फैलाए
गुराँस फुल्न छोडेनन् अरू फैलँदै मौलाए
सुकेर पनि सुवास दिन्छन् सुन्दर सुमन
जीवन पश्चात् प्रारम्भ हुन्छ भावना जीवन

मनाई मन नगरे काम थलामा परिन्छ
रोएर मात्रै हुँदैन श्रध्दा कर्मले गरिन्छ
साँघुरो छाती पारेर बसी संघर्ष चल्दैन
बतास बिना हरर हुँदै अनल बल्दैन
झरिला बाणी बिचार गुनौं दुखद घडीमा
हुँदैन तातो नपारी रातो रगत नलीमा
नेपाली बीर नेपाल निम्ति होमिन सक्तछन्
अमर भक्ति समान धीर जो राष्ट्र भक्तछन्''
समाप्त भयो जीवन लीला कलाछ अडेको
मुक्तिको ज्वाला भर्भर गर्छ मुटुमा बलेको
नेपाललाई उज्वल पार्न उठ्तछ नेपाली
जलको छाँडो सागर ब-छ लहर उचाली
हिमाली पानी उमार्छ लाखौ लाखन गुराँस
गुराँस भित्र रहेको रंग हुदैन उदास

(६)

तथापि विद्या मदन मुना बन्दछिन् हतास
पोल्दछ मन बन्दछ तातो बेदना बतास
''पापीले लिए चुँडेर रातो शिरको गुराँस
नफिर्ने भयो प्रीतीको पुष्प बोकेर सुबास
चुँडियो च्वाट्टै जीवन तन्तु गीतार मनको
म पाउँ कहाँ दर्शन अब जीवन धनको

जीवन रथ कसले हाँक्ने सारथी बनेर
उल्टियो ममा प्रकृति किन श्रृंगार छरेर
मुटुको मेरो धड्कन गति पानीमा मिलेछ
चन्द्रमालाई धर्तिको छायाँ छाएर निलेछ
जसको थियो हृदय भित्र मुक्तिको खातिर
आश्रित साथ लागेछन् जाँदा संसार बाहिर
के भनें ओ हो ! कहाँ छ अर्को सृष्टिमा संसार
छन् उनी मेरा मनका माझ बसेका सागर
नबोल्ने उनी नबुझी कुरो हृदय खोलेर
बुझेर कुरों काममा लागि पर्दथे खुलेर
संसार सिगै झुकेर गर्छ उनको सम्झना
मलाई पनि आउँछ सँधै झझल्को मनमा
"पाउनु पर्छ सबले बास, गाँस र कपडा
पाउनु पर्छ व्यवस्था त्यस्तो नपर्ने थपडा
कसैको आशा गरेर कुनै अल्झिनु नपर्ने
झुल्किनु पर्छ झरिलो दिन सुकेर नझर्ने"
सहेली बनें बिचार उच्च पाएर पवित्र
उनको पनि अटल आस्था पाउँथे मभित्र
गरेकी मैले बखडा केही थिइन पटक्कै
चुडाली गए मायाको डोरी कसरी चट्टक्कै
मलाई किन नभनी गए उनले छोडेर
हुँदैछ औधि दिलमा पीडा पीरले पोलेर

जत्ति म आज सम्झिन्छु त्यति विरह भरिन्छ
के गरे देखि वियोग जन्य विपत हरिन्छ'
मदनलाई कल्पदै उनी मूर्छामा पर्दछिन्
बिस्तारै फेरि बौरिए पछि विलाप गर्दछिन्
'गुराँस जस्तो शिरको रातो सिँदूर उडँछ
जीवन दायी जलले पनि जीवन खुंडेछ
भनेका थियौ "रोगले मेरो मरण हुँदैन
छर्लङ्ग भयो वचन साँचो रोगले छुँदैन
छुँदँ छ तिम्रो वचन आई चलाई मलाई
गाउँछु रूँदै "हुँदैन भेट हृदय जलाई
छायाँले जस्तै छोड्दैन अब चिन्ताका तापले
लत्रिए मेरा रहर - कली सूर्ताका रापले
फूल झै फुल्न सूर्य झै खुल्न मिलेन चाहे झै"
त्रिशूली धन्य सम्झदै होली जुहार पाए झै"
मुटुको मुख खुलेर दुख फुटेको रोकिन्न
गहिरो घाउ समाली मन पुरेर पुरिन्न
पिटेर छाती नरोए पनि भुईमा ढलेर
सर्वांगै हुन्छ कर्कलो तुल्य विरह बलेर
त्रिशूली नदी सुरसा बनी मानिस निमित्त
हिउँ झै चिसो रगत भयो रूँदैमा सिनित्त
हरेक पला मनका मांझा सम्झना आउँछ
अँधेरी रात चिन्ताको चरी विलौना गाउँछ

"त्रिशुली तिरै दिए नि हुन्थ्यो लगेर बगाई
मदन बिना लाग्दैन बाँच्ने रहर मलाई

(७)

कलिला उषा किरण निशा पुग्दछन् सामुना
सन्तानलाई पाउँदा मन आउँछ काबुमा
कलिला शिशु सोद्धछन् "बुबा कहिले आउने ?
साथमा बसी किताब पढ्न कहिले पाउने?
नबोली मुमा! रोएर किन बसेकी निहुरी ?"
उनको सुन्दा अनेक प्रश्न लाग्दछ कुकुरी
तर्कना छुट्छ 'के भनूँ' हुन्छ उत्तर सुझ्दैनन्
अंजान शिशु माताको दुख पटक्कै बुझ्दैनन्
घाउमा नून छरे झैं अझै चकिन्छ चरर
लुकाउँ भन्दा आँखामा आँसु आउँछ बरर
"रोएर कुनै मनुष्यलाई नपरोस् जिउँन
मलाई जस्तो विरह रूपी जहर पिउँन
डेरामा तिमी नफिर्ने कुरो पहिले जानिन
पाइला रोक्न आँसुका रेखा पटक्कै पारिन
छोरीको म्वाई खाएर हिंड्यौ "आउछु भनेर"
गएका तिमी रहेछौ भार ममाथि थपेर
पालना गर्दै कर्तव्य थिएँ माताका नाताको
थपियो अरू नहुँदा तिमी पिताका नाताको

"कर्तव्यलाई सम्झिने मान्छे बन्दछ सफल
आँखामा आँसु लुकाई खोल्छिन् हृदय कमल
गुनेर मैले गर्नु छ काम उनले सोचेको
बाँचेर मैले लिनु छ बाटो उनले रोजेको
हाम्रा यी मूर्ति कलिला शिशु सभाल्नु पर्दछ
उनकै महान् बिचारलाई अँगाल्नु पर्दछ
सम्झेर कुरा कर्तव्य पूरा गरे पो भनेको
मानिन्छ तब प्रेमको पूजा प्रेमीले गरेको
सकिन्छ थाम्न बिरह भार हृदय थमाए
सकिन्छ छाम्न काँडाका झाल हँसिया चलाए
जीवन आफ्नो निमित्त लाए अँध्यारो पर्ने छ
राष्ट्रको निम्ति सर्वस्व दिने उज्यालो छर्ने छ
देशको लागि जीवन दिनु अमर हुनु हो!
अमर पति पाएर पनि म किन रूनु हो!!
उनको फोटो छातीमा टाँसी भावना अँगाली
'म रून्न' अब भनेर उठ्छिन् साहस सँगाली
"म रूँदा खेरी माता र पिता सन्तान रून्छन् झन
उनको इच्छा अपूर्ण रहे हृदय दुख्छ झन्
समाली मन पर्दछ मैले यो यो भार समाल्न
भावना मूर्ति पर्दछ अब मनले अँगाल्न
अधार बिना सन्तानहरू दुखमा पर्दछन्
आधार पाए बनेर ठूला भावना छर्दछन्

निभेदवादी

"विग्रन्छ धर्ति विभेदवादी विचार रोकिए
सप्रन्छ धर्ति समतावादी विचार हाँकिए
देशको लागि जीवन दिने विपद सहन्छन्
पर्वत फोरी शैलका जल सलल बहन्छन्
रूँदैनन् वरा ! हाँस्तछन् छाँगा ढुँगामा घोटिदा
आफूमा शक्ति उमार्छन् आफैं बाटामा दौडिदा
अठोट गर्छिन पारेर छाड्ने सपना साकार
गुन्दछिन् "दिल अर्पिए बढ्छ पार्टीको आकार"
बाँधेर मन दरिलो पारी दरिलै बनेर
लाग्दछिन आशा भरोसा दिन भावना भरेर
"नरूनोस् मुमा ! नरूनोस् बुबा ! थिचेर छातीमा
धुरूरू रोए उज्यालो ज्योति मिल्दछ माटीमा
रोएर पनि फर्किने हैनन् जलझैं बगेका
प्रेरणा दिन्छन् मनैमा आई अमर बनेका"
करूण रस नबगी वीर वीरता उठ्दैन
घटना बिना विचार शक्ति समाज जुट्दैन
समाज तिर हेरेर भन्छिन् मनका दरामा
"झर्दैन रक्त झरिलो टक चखिलो धरामा
सिंदुर पुछी पुछिन्न मेरो मनको जुहार
किरण मुर्ति सित म माग्छु भरिलो गुहार
देखिन्छिन उनी झरिली फूल झरिले रूझेकी
मनमा भरी रक्तिम राग कली झैं खूलेकी

देखिन्छिन् तारा बादल बाट झर्झरै खुलेकी
खरानी चिरी दनदन ज्वाला बनेर उठेकी
उनको शक्ति साहस देखि गुन्दछन् तमाम
"जुन झैं बनुन बढार्न सक्ने अँधेरी तमाम
दरिली होउन मदन जस्तै मदन मालिनी
छपक्कै छवि छाएर बनुन् बचन पालिनी
(८)
सकल चोखो समाज गुन्छ उनको स्वभाव
'भाषण कला लावण्य वाणी पार्दथ्यो प्रभाव
निराशावादी बिचार कत्ति तिनमा थिएनन्
संकीर्ण स्वार्थ लोभ र मोह मोजमा भुलेनन्
युगको माग, युगको गति गहिरी सोच्तथे
शिल्प र कला अडिग राखन कम्मर कस्तथे
धारणा शक्ति अनौठो थियो जोश र जाँगर
प्रतिभाशाली तिनको थियो चिन्तन विचित्र
गुनिला सफा गुणका खानी ओजस्वी पवित्र
शुक्र झैं तेजी उज्वल थिए भीम झैं साहसी
आपद पर्दा नलिने डर नहुने उदासी
हरेश रत्ति नखाने हार प्रहार परेर
संकट देखिन् उम्कन सक्ने साहस गरेर

राक्षस चाह गर्दथे लिन मिठास खूनको
रहँदा गुप्त कसैले चाल पाएनन् उनको
शत्रुका आँखा छलेर हिड्दा परेनन् जेलमा
चालकसँग विश्वास गर्दा अल्झिए झेलमा
अँध्यारोसँग नहार्नेलाई मेघले छकायो
पर्वतसँग नहार्नेलाई पानीले फँसायो
विस्मय लाग्छ सकेनन् किन पौडेर उत्रिन ?
हेलैले सक्थे माछो झैं पैले खोलामा पौडिन !
उनका पछि लागेछन् गोही गोमन झुत्तिन
सर्पले डस्ता कसरी सकुन मनुष्य उम्किन
लहरालाई ठहरै पारे विरूवा उखेली
संसारलाई लुटेर हाँसे कालले सुसेली
मुक्तिको पर्यावरण सुक्यो किचेर उल्काले
मुलुकलाई छपक्कै पार्‍यो पापका मुल्काले
फुलका थुँगा लुगलुग गर्छन् हुरीमा परेका
कलिला शिशु सुकसुक गर्छन् टुहुरा बनेका
बुझेर कुरो नफर्के बुबा मलिन बन्दछन्
मुमाको मुख हेरेर तर बिस्तारै भन्दछन्
ए आमा हामी हुने छौं ठूला पढेर गुनेर
संसारलाई झलल पारेर उठौंला खुलेर
बुबाकै बाटो अँगाली हामी आनन्द दिउँला
पापीको हात चुँडेर हामी बदला लिउँला

बालेर आगो पोलौंला खोजी भालुको कम्पारो
लातले हानी झारौंला हामी बाँधको बँगारो
सन्तान राम्रो मनको दुख तुरुन्त बुझ्दछ
उनको मुख, साहस हेरी समाज गुन्दछ
"उम्किइस् त्यस्तो भूमरीबाट कसरी चालक ?
उम्किने सुर गर्दैछस् दुष्ट बनेर चलाक
नलुका पापी ! कुकर्महरू मुटुका कुनामा
परिछस् लोभ, मोहका बश दैत्यका टुनामा
तँ नराधम मानव मारा अमर बन्दैनस्
थुतुनो खोली यथार्थ कुरो तँ किन खोल्दैनस् ?
मुखले तैंले नबोले पनि यथार्थ लुक्दैन
युगान्तकारी घटनालाई समाज भुल्दैन
यो सानो क्षति होइन राष्ट्रिय क्षति हो
सिद्धान्तबादी, राष्ट्रियवादी बीरको खति हो
सिद्धान्तकार, शीर्षस्थ नेता विजेता शत्रुका
माथमा टेकी कुल्चन सक्ने ढेडु र पत्रुका
जो दिदैथिए समतावादी मौलिक दर्शन
अनन्तसम्म झलमल पार्ने विजुली कंचन
अंध्यारो माथि उज्यालो दिन जो थिए जुटेका
युगका ज्ञाता नवीन दृष्टि लिएर चम्केका
प्रपंच रचे उज्यालो हुने देखेर दैत्यले
दिदैनन् बाँच्न मानवलाई कंसका भक्तले

लंकामा जस्तै नेपालतिर आतङ्क बढ्दैछ
हातमा डाडू पनिऊ लिने बौलाहा बन्दैछ
जनता गर्छन् त्यो छिनो फानो छिचोली रहस्य
ल्याउँछन् छानी सत्य र तथ्य जगत समक्ष''

(६)

मुक्तिका लागि झंकार दिने सङ्गीत बिसिन्नन्
बोले झैं काम गरेर राम्रा मानिस चम्किन्छन्
सिर्जना गर्छन् जनता रातो रगत चुहाई
काँधमा राख्छन् जगतलाई थुपुक्क उठाई
जगतै गर्छ ''पर्वत ढल्छ हथौडा उठाए
क्रान्तिको रथ अगाडि बढ्छ मिलेर गुडाए
सङ्घर्ष पूर्ण भएको छैन सुधार्न राष्ट्र यो
पूछेर आँसु उधार्न पर्छ नयन, मन यो
गुन्दछन् श्रोता 'भाषण गर्थे डटेट् जोशले
बाघको जुँघा चुँडेर फाल्छन् उठेका लोकले
खोजेर हुनसकिन्न नेता मुखले बोलेर
दाँजिनुपर्छ नेतृत्व लिन मुकुट खोलेर
नाकमा काला लागेका दाग धोएर धोइन्नन्
नखोज किन्न जनतालाई यी पशु होइनन्
झुक्दैनन् अब अघि झैं डर मानेर जनता
स्वतन्त्र डुल्न चाहन्छन् खुल्न खुलाई समता

विचार गर्दै हृदय खोलथ्ये ''अवस्था हेरौं यो
चाटेर स्याल मुसारी जुँघा घुर्दै छ बाघ त्यो
त्यो उम्केदेखि नेपाललाई सखाप पार्दछ
जनतामारा जतिछन् छानी पछार्न पर्दछ
राष्ट्रको निम्ति होमिनुपर्छ जोखिम उठाई
हुँदैन बस्न कातर हुँदै मुहुडा लुकाई'
खोल्दथे मन 'म मेरो निम्ति जोड्दिन सर्जाम
कर्तव्य भुली राष्ट्रमा अरू थप्दिन कर्जा म
राष्ट्रको कर्जा सम्पूर्ण चुक्ता नपारी हुँदैन
पत्थर जस्तो कृत्रिम ढाँचा नढाली हुँदैन
मुक्तिका मुट् राष्ट्रका रक्त स्वार्थमा पर्दैनन्
राष्ट्रिय स्वार्थ भत्किने काम मनुष्य गर्दैनन्
सङ्घर्षशील मुक्तिका सेना समय भुल्दैनन्
विदेशीलाई काँधमा राखी स्वार्थमा डुल्दैनन्
समष्टि स्वार्थ सम्झिने नित्य व्यष्टिमा नभुल्ने
हरेक पला छर्दछन् कला जगतै उधार्न
बनेर हुरी फुकेर आगो उज्यालो पार्दछन्
विषमवादी तुवाँलोलाई खरानी पार्दछन्
किरणलाई लुकाए पनि अहिले छलेर
सर्वदा छल्नसक्तैन मेघ कपट गरेर
रगत धोकी मस्तीमा बसी मैमत्त हाँस्तैछन्
सन्तान शाखा सकल आफ्नै भविष्य मास्तैछन्

शोषित आज रोए झैं ओलि शोषक रुनेछन् औली
शोषित जुटी सँगाली शक्ति मसाल हुनेछन्

(१०)

विकासवादी विचार गर्ने वर र परको
राष्ट्रको चिन्ता सर्वदा गर्ने गमेर घरको
देशको लागि लड्नेले गर्छ विश्वको विचार
दिदैंन जम्न हृदयभित्र विकृति विकार
कालिमा फाली फैलंदै थियो जो छवि विश्वमा
भूकम्प गयो उज्यालो ढल्यो मेघका माझमा
तेजिलो तारा खोसेर लिए डरले लाछीले
छुसीको पोल खोलेर छोड्छ दिलका साक्षीले
अस्ताए पनि ताराको यहाँ मेटिन्न अस्तित्व
सम्झदैखेरि डरले ढल्छ रातको व्यक्तित्व
कसैले पनि सक्तैनन् मेटन चम्किलो कहानी
झुल्कदै रवि फिराई दिन्छ विहानी जवानी
भन्दैछन् हली विपक्षी पनि धुरूरू रोएर
"लगाई बुद्धि विकृति फाल्थे पखाल्थे खोजेर
विमर्श विना फेर्दैंन थिए बोलेको वचन
उल्झन आए सुल्झाईदिन्थे सजिलै मदन
सङ्कट पर्दा के गरी अब संसद चल्दछ ?
हितैषी साथी स्वर्गीय हुँदा हृदय गल्दछ

उल्झनहरू बल्झिनआए उदाए झंझट
बजाई चुट्की पछार्नसक्थे राष्ट्रिय सङ्कट
खम्बा नै थिए व्यक्तित्वशाली राष्ट्रिय गौरव
समय लाग्छ मदन जस्तो पाउन मानव''
पौरख तिम्रो रहेछ कति बिपक्षी झुक्दछन्
सामन्तवादी वंशका मूल मुहान सुक्दछन्
बाँचेका भए तिमीले देख्थ्यौं पहाड ढल्दछन्
ब्वाँसा र भालु स्यालका दल डरले गल्दछन्
बचन गुन्छौ ढल्दछन् तल हसुर्ने राशन
पाताल पुग्छ लातले हान्दा सुवर्ण आशन'
सुक्नेछन् पापी मरीच जस्तै परेरबाउरी
गाउँदै तिम्रा गीतका गेडा सुर्कदा पाखुरी
जनता सत्य रहस्य खोल्छन् असत्य मान्दैनन्
चिम्लेर आँखा खुट्टामा आफ्नै बन्चरो हान्दैनन्
हान्दछन् अब मिचाहालाई नमानी कहाली
नेपाली चढ्छन् चुचुराहरू पाइला उचाली
भुल्दैनन् मान्छे बचन चारू विचार गर्दछन्
''झोसिदा राँको धमिरा काला कमिला मर्दछन्
राखेर धैर्य प्रयत्न गर्ने मनुष्य सृष्टिको
आँखामा पर्न दिंदैनन् फुलो शत्रु हो दृष्टिको
विचार गर्थ्यौ ''फर्कन हुन्न भेडा झैं पछाडि
लम्किनुपर्छ लक्ष्यमा पुग्न हात्ती झैं अगाडि

शासक

आतङ्ककारी शासन लुच्चा दिँदैनन् राहत
दुनियाँलाई रोपेर छुरा पार्दछन् आहत
कुर्लेर उल्टै फलाकी हाल्छन् "सुरक्षा गर्दछौं
विकाशे बोट विरूवा रोपी विकास गर्दछौं
फटाहा जाली रचतछन् जाल व्यथाले समान
जनता तर दिँदैनन् टिक्न धुर्तको कमान
नकुल्चेदेखि दुष्टको थाप्लो गर्दछन् शोषण
मिचाहाहरू हसुर्छन् सबै दिँदैनन् पोषण

(११)

राक्षसलाई भतेर गर्न गुन्नेले दिँदैनन्
उज्यालो छोडी अँध्यारो बाटो बुझ्नेले लिँदैनन्
नजाँची बुझी अगाडि डुल्दा खाल्टामा परियो
भोक र रोग सन्ताप शोक लोकमा भरियो
त्यो धुनुपर्छ रगत छरी नपरी पछाडि
पत्थर फोर्छन् छहरा, छाङा बढेर अगाडि
भविष्य द्रष्टा राख्दथे नित्य रूझान कलामा
गाउँथे गीत रचेर आफैं भरिला गलामा
थकाई शब्द हुँदैन क्रान्तिकारीका कोषमा
रगत रातो मुटुमा हुन्छ मुस्कान ओठमा
जाँगर हर्ने आलस्यपना कर्मीमा हुँदैन
कर्मीको गति कहिल्यै पनि शिथिल हुँदैन

हुँदैन भलो नगरी कर्म उडेर पल्टिए
हुनेछ भलो जनको मन जितेर लम्किए
विकास हुन्छ शक्तिले हाम्रो समता ल्याउँछ
मनमा आस्था सहित तिम्रै बचन छाउँछ
"रूखका बूढा पुराना पात पराल गल्दछन्
विजय हाम्रै हातमा पर्छ दुश्मन ढल्दछन्
भरिलो कला रसिलो गला छहरा रोकियो
भन्दछ मान्छे रूकेको छैन किरण बौरियो
सलामी दिंदा उनकै छवि दिलमा छाउँछ
झरिलो शब्द हृदयबाट चम्कँदै आउँछ
त्यो दिन अब ल्याइन्छ छिटै लोकले चाहेको
गरिन्छ लेखा हाड र छाला बाघले खाएको
मुक्तिका मीठा सङ्गीत राम्रा गीतका लहरी
मुक्तिका ज्वाला झलमल गर्ने हिमाली निर्झरी
मुस्कान हाम्रा ओठका भावा जीवन स्पन्दन
मुटुमा आई पार्दछन् लाल मुक्तिका नन्दन
"रावणहरू बशमा पर्छन् मानव उठेमा
बादल ढल्छ उषा र सूर्य जुटेर खुलेमा
खुलेको ज्योति डुलेर रोक्न मेघले सक्तैन
बाँधेर बाँध सलल बग्ने छहरा रूक्तैन
पर्दैनन् बग्ने सरिताहरू बाँधका काबुमा
आखिर झुक्न रातैले पर्छ सूर्यका सामुना

पवन मन्द सुवास बोकी ल्याउँछ विहानी
निभ्दैन कीर्ति गुणको खानी वीरको कहानी

(१२(

मुलुकै गुन्छ उठेर नित्य निर्मल बचन
"मिलेको नया चिन्तन धारा गर्नु छ जतन
सुवास मीठो सोसिन्न शोषी कुसुम झर्दैमा
विचार चारू चुडिन्न चर्र मनुष्य मर्दैमा
उज्यालो डुल्दा चण्डाल चोर डरले लुक्छन्
फँलदै आए कठोर रात कुकुर भुक्छन्
गर्दै छन् दुष्ट "समतावादी शिक्षा झैं फुट्ने छन् शिक्षा
नबुझी कुरो फुटेर हिंडे सर्वस्व लुट्ने छन्
चुसाहा गर्छन् गर्छन् खराब आश जगत हसुर्न
कुकुरलाई उठाई लात पर्दछ भकुर्न
दुष्टको दिल दुखीको डाह पीडाले धुँदैन
गोहीले आँसु चुहाए पनि विश्वास हुँदैन
बन्दै छन् काला कानूनहरू जनता निचोर्न
गर्दै छन् छल रगत मुटु कलेजो हसुर्न
लुटेर धन विदेशतिर लादैछन् थुपार्न
खोज्दैछन् काला बंगारा दाँत मुटुमा घुसार्न
चुसाहा जुका जिउन खोज्छन् मुलुक मारेर
खस्तछन् तर गहिरो खाल्टो आफैले खनेर

रगत तातो नपारेदेखि मानिस चिसिन्छन्
तताई रक्त सल्काँदै डुल्दा सलह झिसिन्छन्
अँधेरीलाई कुल्चन सक्ने छर्दछ उज्यालो
उज्यालो रोज्ने नेपाली बीर चढदछ उकालो
रातको शक्ति निचोर्छन् सूर्य फिजारी किरण
एउटा निभ्दा हजार बल्छन् मानव किरण
पटुका कसी तिमी झैं डुल्छौ नयन उघारी
खुनीको शूल खोसेर दिन्छौ खुनीमै घुसारी
कुकुरलाई लघार्नूपर्छ अगुल्टो उज्याई
दैत्यको हाड खरानी पार्नुपर्दछ धुल्याई
वाहिर ल्याई गँगटालाई पछार्न सकिन्छ
मानव जाति जुटेर जब उठेर कसिन्छ
नेपालमारा नमरून्जेल बन्दैन नेपाल
मुटुको पानी वेचियो भनी रूँदैछ हिमाल
मुटुको टुक्रा कलेजो जस्तो जमीन बिक्दैछ
माग्छेको मुटु रोपेर भाला पिराहा झिक्दैछ
दाहा विदेशीहरू गाड्दैछन् बाहा नेपाल देशमा
कुहिरो कालो बादल दल डुल्दैछ लेकमा
जुधेर आफैं फुटेर टुटे बनिन्छ पातलो
पातलो जति होइन्छ त्यति बनिन्छ फितलो
नबने दरो सकिन्न सेक्न भालुको कंचट
बनेर खरो धुनुछ छुरो उल्झन झन्झट

झन्झट टर्छन् काँढाका झाल ढालेर थिचेमा
भेलमा फुल्ने भ्यागुता मर्छन् लातले किचेमा'
मदनसँग मुटुमा हाम्रा आश्रित आउँछन्
सुन्दर रूप असल कुरा रश्मि झैं छाउँछन्
"मेघका दल गर्दछन् काम किरण निरोधी
विवेकहीन गर्दछन् कर्म विकास बिरोधी
देखेर हामी ढलेको कालो बादल हटेन
"गाउँका दिदी ! बहिनीहरू नउठी भएन"
गुमाई हक डराइ अब बन्धु हो नबसे
"के छर हाम्रो आधार बाँच्ने कम्मर नकसे"
घुमेर गाउँ समाजलाई जसले बताए
'सकिन्छ फोर्न धर्तीको बाँझो जाँगर चलाए'
मिचेर हिडन पर्दछ बिघ्न बाधा र अप्ठेरो
ननाघेदेखि अप्ठेरो बाटो मिल्दैन सप्ठेरो
भीरमा पर्दा कातर सरी तर्सिनु हुँदैन
खोलेर आँखा कदम राखे काँढाले छुदैन
लक्ष्यमा पुग्ने टाकुरा टेक्छन् छिचोली घुमौती
डाँकाका दल सम्मुख पर्दा दिएर चुनौती
मनमा दृढ अठोढ भए पुगिन्छ लक्ष्यमा
उनको बाणी रूप छ खुल्दै मुटुका कक्ष्यमा
मधुर भाषी शिष्ट र नम्र जो थिए बिशिष्ट
आजन्म लडे मुक्तिका लागि नगरी अनिष्ट

व्यक्ति

जति ती थिए सरल व्यति हकी र आँटिला
वैरीका लागि कठोर किला काँटा र धारिला
उनकी मायाँ पनि छन् रुदै हृदय निचोरी
"धोइन्न पीर रोकिन्न आँसु पर्वत नफोरी"
विरह वह आँखामा आई टलपल गर्दछन्
आश्रित लुछने राक्षसलाई नजर तर्दछन्
"पहिले जस्तै पार्टीको काम डटेर गर्ने छु"
चण्डीका बनी दैत्यको दाह्रा बंगारा छर्ने छु
आश्रित जस्तो नझुकी गए देशका निम्ति यो
म पनि उस्तै राष्ट्रमा दिन्छु नझुकी प्राण यो
मुक्तिका मुटु सल्काई आगो मुटुमै डुल्दै छन्
प्रगतिशील शिल्प र कला जगमा खुल्दैछन्
झपार्थे ज्यादै जेलरलाई नबनी हतास
'सल्काई झिल्का जङ्गल पोल्छ क्रान्तिको बतास
नौ लाख तारा सक्तैनन् लुछन् एउटा सक्तछन्
हुत्तिन्छन् तल दलाल जति रावण भक्तछन्
मुक्तिको लागि सर्वदा हाँसी पर्दछ लागि जो
आउँदा हुरी हट्दैन आँधि आउँदा झट्छ त्यो
मान्छेको मुख सक्तछन् लुछ्न हृदय सक्तैनन्
लगाए पनि सिस्नु र पानी घाँस झैं झुक्तैनन्
राखेर होश झन् जोश साथ अधर खोल्दछन्
समतावादी मुक्तिका सेना जोखिम मोल्दछन्

दाद

भुइंमा मेरा रक्तका थोपा जे जति झर्दछन्
क्रान्तिका बीज बनेर त्यति अगाडि सर्दछन्

(१३)

गम्दछिन् विद्या झम्टिए होलान् कालका छायाँमा
भने हुन् हाँसी "रगत लागोस् देशका मायाँमा
म विद्या ! आज राक्षसद्वारा बीचमै लुटिएँ
डेरामा फर्की नआए पनि मायाँ छ सम्झिए
सन्तान उथा किरण निशा कुसुम कोपिला
मायाँले तिम्रो बनेर जाउन् उषा झैं जोशिला
म सरी बने जोशिला तिमी नबने काँतर
मानिस मिली हुनेछ पार्टी विशाल सागर
अघि झैं पछि पर्यन्त मार्ग मुक्तिकै अँगाले
बोकेर निजी विरह व्यथा जीवन नफाले जीवन
मुक्तिको लाठो बजारे उठी दैत्यका थाप्लामा
टेकेर हिंडे चन्द्रमा सरी निशाका थाप्लामा
आस्थाका आँसु टलपल गर्छन् मोतिका दाना झैं
चितामा बत्ती दिएर सास फेर्दछिन् छाडा झैं
आकाशतिर ताक्तछिन् त्यहाँ चन्द्रमा देखतछिन्
उनकी तारा चम्किनु पर्छ अठोट गर्दछिन्
कम्पन रोकि अधर खोल्छिन् साहस समेटी
मुटुको गाँठो मुटुमै रोकी विरह अचेटी

"जे हुनु भयो जिउनु पर्छ यो मन थामेर
लतार्न काल, नङुली हुन्न प्रकाश वालेर"
समाजतिर छर्दछिन् गह खपेर विरह
भन्दछिन् थला परिन्छ बसे पुगिन्न शिखर
संसार छोडे टाकुरामाथि उनले नटेकी
चाहेको जस्तो उज्यालो दिन उनले नभेटी
कर्मीको तर कलाले टेक्यो ख्यातिको शिखर
सूर्यको चर्चा उनकै गर्छन् रश्मिले जिरह
म मनै देखि कबूल गर्छु समाज माझमा
पहेंलो सारी घिसारी जान्न म बृन्दावनमा
छ कति ममा देशको मायाँ देखिन्छ कामले
सुखः र दुःख घट्ट झैं घुम्छन् सम्झिन्छ मनले
सहानुभूति जनताबाट जो मिल्यो मलाई
आभारी व्यक्त गरेर बल्छु मैलाई जलाई
विलापसाथ बाँधेर हात म अब बस्तिन
भौतिक देह कल्पेर मात्र तापले जल्दिन
रू दिन आफ्नो निमित्त मात्रै पुर्पुरो ठोकेर
उठाई हिड्छु उनकै शक्ति किरण बोकेर
सकल बस्ती चहार्नुपर्छ ढलेर हुँदैन
पुरानो घाउ नफोरे देखि विसेक हुँदैन
सामन्ती पीप निचोर्नुपर्छ बिलौना हटाई
छ छाती भित्रै शक्तिको ज्वाला बल्नुछ जगाई

पार्टीले काम लगाए जति हाँसेर गर्नेछु
नपुगे बुद्धि नेतृत्वसँग विमर्श गर्नेछु
हृदय गुन्छ दिर्दछन् उनी अनल सल्काई
मायाको दियो मनमा ल्याई भावले जलाई
हृदयलाई समाल्नसक्ने भरिन्छ धीरता
सत्यतालाई स्वीकार्नेतिर तानिन्छन् बीरता
परेको पीडा खपेर दुःख दुनियाँ जुट्तैछ
टेकेर धुंडा संघर्षतिर मुलुकै उठ्तैछ
जनता भन्छन् "धैर्यकी मूर्ति" सिर्जन शालिनी
सकल बाचा अटल राखून मदन-मालिनी
सहानुभूति सान्त्वना डुल्छन् मुटुमा फगत
विद्या झैं माया अगाडि बढे बन्दछ जगत
विद्यामा शक्ति मायाँले थपून मायामा विद्याले
दुःखका बेला समालुन् पार्टी मिलेर नेताले
सल्कन सकोस् चिन्तन चारू सुचारू विचार
सकियोस् मार्न सामन्तमाथि चोटिलो प्रहार
बिदाका बेला लाममा लागि गर्दछन् सलामी
सलामी सकी गर्दछन् बाँचा "हुँदैनौं हरामी"
झुकेर फेरि "बिदाई" बोल्छन् अधर कपाई
"छोडेर गयौ आजन्म गरी देशको भलाई
किरण छरी जितेर गयौ राष्ट्रकै हृदय
नहार्ने योध्दा लिएर जाउ कीर्ति र विजय

पवित्र तिम्रो खरानी लगी छर्नेछौं देशमा
खिचिदा जल ढकमक फुल्छन् गुराँस लेकमा
क्षेहलै मात्रै अलप भयौ चहक छँदैछ
अमिट तिम्रो टहक भाव प्रभाव छँदैछ
गौरवशाली सन्तान तिमी नेपाल माताका
अमर भयौ फिजाई ज्योति मुक्तिका आकाका

×　　×　　×
×　　×　　×
×　　×　　×
×　　×　　×

अन्तिम विदा गर्दछौं हामी कदम मिलाई
तिमी त गयौ यो धर्तीलाई मन्त्रणा दिलाई
गाउँदै जान्छौं जुगानुजुग गौरव गाथा यो
सेवामा हामी पर्दैनौं पछि नेपाल माताको
गहिरो छाप छोडेर जाने दरिलो नेता हे !
शत्रुको मन समेत जित्ने कुशल नेता हे !
प्रतिज्ञा गर्छौं कसेर मुट्ठी यो आँशु रुदैन
आतंककारी, साम्राज्यवादी नमासी हुँदैन
शोकका आँशू समेटी हामी शक्तिमा बदल्छौं
धर्तीका बैरी धमिरालाई खोजेर पोल्दछौं
यो देश टेक्न विदेशी आए डटेर कुल्चन्छौं
सत्य र न्याय छोडेर केही कुमन्त्र लिदैनौं

पवित्र अस्थि कलश लग्छौं देशका कुनामा
त्यो अस्थि पनि खुराक बनोस् कलिलो सुनामा
हुर्किई बढून् कोपिला फूलुन् गुराँसे पाखामा
देशमा परे संकट काल खुले है भाकामा

× × ×

२०५०।२।१५।६

# शुद्धि-पत्र

| पेज | हरफ | भएको | हुनुपर्ने |
|---|---|---|---|
| घ | ६ | चिन | किन |
| घ | ११ | यस्हो | यस्तो |
| ङ | ५ | त्यसैले | त्यसैको |
| ङ | ६ | भरको | भएको |
| ङ | १४ | सकस | सकल |
| ५ | ५ | बाँच्न | नाँच्न |
| ६ | १३ | लेवक | सेवक |
| १० | ८ | जनमा | जनता |
| १० | १७ | रूथी | रन्थ ी |
| ११ | ५ | खरब | खराब |
| १७ | १ | वियेदबादी | निभेदबादी |
| १६ | १६ | सुकसक | सुकसुक |
| १६ | २० | पारेर | पा री |
| २० | ७ | कुकेमहरू | कुकर्महरू |
| २० | ८ | दैव्यका | दैत्यका |
| २० | १३ | होइनपछि (ठूलो) छुटेको | |
| २१ | १३ | डटेट् | डटेर |
| २३ | १ | भ्रोलि | भोलि |
| ५ | १ | शासन | शासक |
| ७ | ६ | शिक्षा | शिशा |
| २८ | १७ | दाहा | दाह्ला |
| ३० | १ | व्यति | व्यक्ति |
| ३१ | १२ | जीशन | जीवन |



## लेखकका प्रकाशित कृतिहरु

| | | | |
|---|---|---|---|
| १. | वसन्त र विरही | (खण्डकाव्य) | २०३४ |
| २. | प्रियतम | (खण्डकाव्य) | २०३६ |
| ३. | सपनाको सुसेली | (पद्य कविता संग्रह) | २०४० |
| ४. | अमर भावना | (खण्डकाव्य) | २०४१ |
| ५. | परिणाम | (खण्डकाव्य) | २०४२ |
| ६. | विजयश्री | (शोककाव्य | २०४३ |
| ७. | आत्मबोध | (खण्डकाव्य) | २०४४ |
| ८. | अमर शुक्र | (खण्डकाव्य) | २०४६ |
| ९. | मुक्तिका मुटु | (काव्य) | २०५० |
| १०. | लाली | (खण्डकाव्य) | २०५३ |
| ११. | विजयका बाँसुरी | (खण्डकाव्य) | २०५३ |

१२. स्वदेशका तथा विदेशकासमेत बिभिन्न पत्र-पत्रिकामा अनेकौं कविता, कथा र लेखहरु प्रकाशित ।

## अप्रकाशित कृतिहरु

| | | |
|---|---|---|
| १. | खुल्ला पत्र | (कविता संग्रह) |
| २. | कविता | (महाकाव्य) |
| ३. | परिवर्तन | (महाकाव्य) |
| ४. | पुष्पाञ्जलि | (महाकाव्य) |
| ५. | जनताको आवाज | (कविता संग्रह) |
| ६. | कविताको टङ्कार | (कविता संग्रह) |
| ७. | भ्याउरेको झङ्कार | (कविता संग्रह) |